# आयातीत वस्तु भन्सारमै चेकजाँच गर्न सुझाव

कारोबार संवाददाता

काठमाडौं, २४ जेठ

तेस्रो मुलुकबाट आयातीत वस्तु सिधै नेपालको सुक्खा बन्दरगाह वा भन्सार कार्यालयमै चेकजाँचको व्यवस्था गर्न सरोकारवालाहरूले सुझाव दिएका छन्। तेस्रो मुलुकबाट आयातीत समान भारतका विभिन्न स्थानमा चेकजाँच गर्दा ढुवानी लागत बढी लाग्ने भएकाले सिधै नेपालको सुक्खा बन्दरगाहमा चेकजाँचको व्यवस्था गर्न उनीहरूले जोड दिएका हुन्।

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भाइरोमेन्ट (साउती)का अध्यक्ष पोषराज पाण्डेले वैदेशिक व्यापारमा वस्तुका लागत घटाउन तेस्रो मुलुकबाट आयात हुने वस्तु सिधै नेपालका सुक्खा बन्दरगाहमा मात्र चेकजाँचको व्यवस्था मिलाउनुपर्ने बताए। "तेस्रो मुलुकबाट आयात हुने वस्तु भारतको कोलकाता बन्दरगाहसम्म आउँछ," सोमबार राजधानीमा गरिएको नेपाल-भारत व्यापार अन्तर्क्रियामा उनले भने, "सीआईएफ नेपालको सुक्खा बन्दरगाह भए कोलकातामा कुनै कागजी प्रक्रिया गर्नुपर्दैन। ढुवानी छिटो भई लागत घट्छ।" सीआईएफ नेपाल गर्न अन्तरराष्ट्रिय रूपमा नेपालको सुक्खा बन्दरगाहमा म्यापिङ गर्नुपर्छ भने भारतसँग पनि सम्झौता गर्नुपर्ने हुन्छ। नेपालसम्म ढुवानी र बिमाको खर्च उत्पादक कम्पनीले नै बेहोर्छ।

भारतसँग व्यापारमा निर्यात स्थिर र आयात निरन्तर वृद्धि भइरहेको पाण्डेले बताए। "भारतसँग व्यापारघाटा कम गर्न उत्पादन र उत्पादकत्व क्षमता वृद्धि गर्नुका साथै व्यापार विविधीकरण गर्नुपर्छ, यसमा निजी क्षेत्र र सरकार दुवैको चासो छैन," उनले भने, "निजी क्षेत्र औद्योगिक आधार सिर्जना गर्नुको सट्टा बढी नाफा कमाउन लागेका छन्।"

"तेस्रो मुलुकबाट आयात हुने वस्तु सिधै नेपालको सुक्खा बन्दरगाहमा ल्याउन अन्तरराष्ट्रिय म्यापिङ गर्नु आवश्यक छ," नेपाल उद्योग वाणिज्य संघका उपाध्यक्ष दिनेश श्रेष्ठले भने, "सीआईएफ नेपालको बन्दरगाह गरेपछि अन्य ठाउँमा चेकजाँच हुँदैन, सिधै नेपालमा मात्र समानको चेकजाँच हुन्छ। यसले कोलकातामा बढी समय पर्खनुपर्ने समस्या हटेर ढुवानी लागत ह्वात्तै घट्छ।" तेस्रो मुलुकबाट आयात हुने वस्तुमा मात्र नगद प्रोत्साहन दिने गरिएको भन्दै श्रेष्ठले झण्डै दुईतिहाइ व्यापार हुने भारतमा पनि नगद प्रोत्साहन आवश्यक रहेको बताए। "भारतसँग व्यापार निर्यात बढाउनका लागि व्यापार सन्धिमा भएका प्रावधान पूर्ण कार्यान्वयन भएका छैनन्," उनले भने, "निर्यात गर्ने वस्तु क्वारेन्टाइनमा गएर फर्कन्छ, यसलाई नेपाल-भारत सरकार मिलेर एड्रेस गर्नुपर्छ।" निर्यातका लागि आवश्यक पूर्वाधार पनि निर्माण गर्नुपर्ने उनको भनाइ छ।

**बढ्दो व्यापारघाटा र निर्यात सीमितताका कारण वैदेशिक व्यापारमा सरकार असन्तुष्ट**

पूर्ववाणिज्य सचिव तथा व्यापारविज्ञ पुरुषोत्तम ओझाले गैरभन्सार अवरोध क्वारेन्टाइन, फुड परीक्षण, ट्रान्जिट शुल्क, अतिरिक्त भन्सार महसुलका साथै डकुमेन्टेसन र दुई भन्सारबीच कार्य समय नमिलेको बताए। "नेपाल र भारतको बन्दरगाह र सुक्खा बन्दरगाह भन्सारमा विद्युतीय तथ्यांक आदान-प्रदान (इडीआई) र अन्तरराष्ट्रिय व्यापार केन्द्रसँग जोडिएको छैन" उनले भने, "यसले चेकजाँचमा ढिलाइ हुने गरेको छ।"

नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त श्रेष्ठले गैरभन्सार अवरोध हटाए नेपाल-भारतबीच व्यापारमा लागत घट्ने बताए। "भारत-नेपालबीचको संयुक्त लगानीमा धेरै राम्रो भइरहेको छ," उनले भने, "अब उत्पादनमूलक क्षेत्रमा पनि लगानी आवश्यक छ।" नेपालको भन्सार बिन्दुमा ठाउँ साँघुरो रहेकाले समस्या भएको उनको भनाइ छ।

वाणिज्यमन्त्री जयन्त चन्दले बढ्दो व्यापारघाटा र निर्यात सीमितताका कारण वैदेशिक व्यापारमा सन्तुष्ट नभएको बताए। "न्यून लगानी, अपर्याप्त पूर्वाधारका कारण निर्यात बढ्न सकेको छैन," उनले भने, "हामीले मूल्य शृङ्खला विकासमा ध्यान दिइरहेका छौं।" व्यापार सहजीकरण तथा सरलीकरणका साथै पूर्वाधारको विकास, मानव संसाधन विकास गर्नु आवश्यक रहेको उनले बताए।

वाणिज्य सचिव इन्द्रप्रसाद उपाध्यायले उत्पादन न्यून हुँदा व्यापारघाटा बढ्दै गएको बताए। "पेट्रोलियम पदार्थ, कृषिजन्य वस्तुलगायतको धेरै हिस्सा आयातले ओगटेको छ," उनले थपे, "जलविद्युत् र कृषि वस्तु विकास गर्न सके धेरै घट्छ।"